स्थानीय क्षेत्रको बलियो आधार

# स्थानीय सरोकार
मासिक

वर्ष १ | अङ्क ३ | असोज २०८०

LOCAL CONCERNS A MONTHLY MAGAZINE






## विकास निर्माण, समृद्धि र पुनःनिर्माणमा स्थानीय सरकारको बलियो आधार

बाह्रबिसे नगरपालिकालाई शिक्षा क्षेत्रमा आमूल परिवर्तनका साथ आत्मनिर्भर बनाउने लक्ष्य

निजरानी




+2

Management
Humanities
Science
Law
NEB

Jaya Multiple Campus

BA/BBS
BASW/BCA
BBM
MBS
Affiliated to TU

Gokarneshwor-8, Makalbari
Kathmandu, Nepal
Tel: 5134140, 5134081
E-mail: info@jmcampus.edu.np

www.jmcampus.edu.np

# यस अङ्कभित्र




नक्कली भुटानी शरणार्थी प्रकरणदेखि पशुपतिको जलहरीसम्मको मुचुल्का नै शंकास्पद"

-जीवन शर्मा

८

सिम्रौनगढका प्रमुख प्रशासकीयविरुद्ध ६ महिनामै भ्रष्टाचार को दोस्रो मुद्दा दायर



१२



दशैंमा बनाइने खसीको प्रसिद्ध परिकार

सेफ-उमेश तामाङ

२१

पाँचपोखरी थाङ्पाल गाउँपालिकाद्वारा अखाद्यबस्तु नष्ट



१९




आफ्नो जिम्मेवारीबाट पन्छिएर सरकारी कर्मचारीहरुले आन्दोलन गर्न मिल्छ र ?

१४

प्रकाशक
**निगरानी दैनिक मिडिया प्रा. लि.**

अध्यक्ष
**निर्मला दंगाल**

प्रधान सम्पादक
**जीवन शर्मा**

सम्पादक
**नर बहादूर तामाङ**

सह–सम्पादक
**शालिकराम भट्ट**

संवाददाता
**रुद्र ढुंगाना**
**तनबिर अन्सारी**
**कोपिला कोइराला**

सल्लाहकार
**डा. श्रीकृष्ण वाग्ले**
**रामचन्द्र लामिछाने**
**दर्शनाचार्य लक्ष्मीप्रसाद ढकाल**

कानुनी सल्लाहकार
**अधिवक्ता कृष्ण प्रसाद भट्टराई**

फोटो पत्रकार
**सरोज राई**

**कार्यालय**
चावहिल-७, काठमाडौं
फोन : ०१-५९१९५४४, ९८२-३००५००१
ई-मेल : news.nigranidainik@gmail.com
www.nigranidainik.com
मूल्य रु. १००/-

कम्प्यूटर ले-आउट
**क्रिस्जल डिजाईन हाउस**
बालुवाटार, काठमाडौं

मुद्रण
**युनिक प्रिन्ट हाउस प्रा. लि.**
काठमाडौं-७, चावहिल


# सम्पादकीय

**स्थानीय सरकारले चाडपर्वमा ध्यान दिनुपर्ने महत्वपूर्ण विषयहरू**

यतिबेला देशमा नेपालीहरूको महान पर्व बडादशैं र तिहारको माहोलले छपक्कै छोपेको छ । चारैतिर दशैंको रौनकले देश चाडपर्वमय बनेको छ । यस्तो अवस्थामा विभिन्न समस्या आउनु स्वभाविक हो । महंगी, यातायात व्यवस्थापनमा समस्या लगायतका विषय बर्सेनि देखिँदै आएको छ । यसरी चाडपर्वको बेलामा स्थानीय सरकारले यी विषयमा ध्यान दिने हो भने चाडपर्वलाई शान्त, सुन्दर र रमणीय बनाउन सकिन्छ । **नागरिकको सुरक्षाः** स्थानीय प्रशासनले पर्वको दिनहरूमा नागरिकहरूको सुरक्षाको ख्याल राख्नुपर्छ । यसले अपराधिक क्रियाकलाप रोक्दै नागरिकको सुरक्षा सुनिश्चित गर्नका लागि विभिन्न कार्यहरू गर्नुपर्छ । **यातायात व्यवस्थापन** : दशैं र तिहारको अवसरमा मानिसहरू विभिन्न स्थानमा आवतजावत गर्ने भएकोले यातायातको व्यवस्थापन हुन पनि निकै नै कठिनाई हुन सक्छ । स्थानीय प्रशासनले सहुलियत गराउनका लागि ट्राफिक व्यवस्थापन योजना अमलमा ल्याउनुपर्छ, जसमा अस्थायी पार्किङ क्षेत्रहरू तोक्ने रुट फ्रि गराउने जस्ता कार्य गर्न सक्छ । **फोहोर व्यवस्थापन** : पर्वहरू विभिन्न खाद्यान्न तथा खाद्यवस्तुको धेरै नै प्रयोग हुने हुँदा प्याकेजिङ र प्रयुक्त पदार्थहरूले धेरै मात्रामा फोहोर उत्पन्न गर्छ। यस्तोमा स्थानीय प्रशासनले सार्वजनिक स्थानहरूलाई सफा राख्न चुस्त दुरुस्त रुपमा हुने विभिन्न योजना कार्यान्वयन गराउनु पर्छ । **मूल्यवृद्धिमा नियन्त्रण** : जब जब चाडपर्व नजिकिँदै जान्छ बजारमा मूल्यवृद्धिका घटनाहरू बढ्दै जान्छ। यस्तोमा स्थानीय प्रशासनले पर्वको अवसरमा आवश्यक वस्तुहरूको मूल्य नियन्त्रणमा महत्त्व दिनुपर्छ। यसले नागरिकहरूको लागि आवश्यक वस्त्रहरू अरु वस्तुहरूसँग सार्थक र सस्तो बनाउँछ। **सांस्कृतिक संरक्षण** : दशैं र तिहार मात्र धार्मिक चाड भन्दा बढी हुन्छ, यसले स्थानीय प्रशासनलाई अपर्व र भण्डारीको बारेमा विचार गर्न आग्रह गर्छ। स्थानीय प्रशासनले सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्न र परम्परागत कला र शिल्पकलाको प्रशासन र संरक्षणका लागि प्रमोट गर्न पनि ध्यान दिनुपर्छ । **प्रदूषण नियन्त्रण** : चाडबाडमा विभिन्न मनोरञ्जनात्मक क्रियाकलापहरू भइरहेका हुन्छन्। तर यसमा धेरै शब्द प्रदूषण समस्या उत्पन्न भइरहेको हुन्छ। त्यसैले स्थानीय प्रशासनले शान्त वातावरण बनाउन नगर तथा गाउँमा विभिन्न कार्यहरू गर्न जरुरी छ जसले शब्द तथा ध्वनि प्रदूषणलाई न्यूनीकरण गरोस्। आपतकालीन सेवा : स्थानीय प्रशासनले पर्वको दिनहरूमा आपतकालीन सेवाहरू, जस्तै एम्बुलेन्स र अग्निसेवाहरूलाई तयारी अवस्थामा राख्न अत्यन्तै जरुरी छ । चाडबाडमा अप्रत्यासित रुपमा हुने घटनाहरूलाई सम्बोधन गर्नका लागि स्थानीय सरकार तम्तयार हुन अत्यावश्यक छ । स्थानीय प्रशासनको सक्रिय सहभागिता र समुदायका प्रमुख र संगठनहरूसँगका संयोजनामा पर्वलाई सुरक्षित, मनोरञ्जनका साथै स्थानीय कानून र नियमकम मनाउन सकिन्छ । माथि उल्लेखित कुरामा स्थानीय सरकारले ध्यान दिने हो भने दशैं र तिहारको उत्सवलाई सुरक्षित, रमाइलो, र रमणीय पर्व बनाउन सकिन्छ ।

आवरण

# बाह्रबिसे नगरपालिकालाई शिक्षा क्षेत्रमा आमूल परिवर्तनका साथ आत्मनिर्भर बनाउने लक्ष्य

सिन्धुपाल्चोकको बाह्रविसे नगरपालिका (साविक बाह्रविसे गाउँ विकास समिति वडा नम्बर १) मा पिता भिम बहादुर बस्नेत र माता दीर्घ कुमारी बस्नेतका सन्तानका रूपमा वि.सं. २०३६ साल चैत्र १२ गते जन्मिनुभएका बालकृष्ण बस्नेत अत्यन्तै जनप्रिय, लोकप्रिय, जनसेवी, विकासप्रेमी, सुशासन पक्षधर, इमानदार, नैतिकवान, क्षमतावान र देशभक्त नेता हुनुहुन्छ । बस्नेतको पारिवारिक मुख्य पेसा कृषि तथा पशुपालन थियो । उहाँ पारिवारिक पेशालाई थप विस्तार गर्दै त्यसलाई सहयोग र त्यसमा इँटा थप्ने काममा सदैव लागिरहनु भयो । उहाँ कृषिमा जति सक्रिय हुनुहुन्थ्यो त्यति नै राजनीतिमा पनि आफूलाई स्थापित गर्नतर्फ लागिपरिरहनु भयो ।

उहाँले २०४६ सालको जनआन्दोलनमा सहभागी हुँदै सक्रिय रूपमा राजनीतिक जीवन सुरु गर्नु भएको हो । बस्नेतले २०४७ सालमा नेपाली काँग्रेसको भातृसंगठन नेपाल विद्याथी संघमा आवद्ध रहेर राजनीतिक जीवनलाई अझै अगाडि बढाउनु भयो । उहाँ वि.सं. २०५६ सालमा सिन्धुपाल्चोक क्षेत्र नं. १बाट नेपाली काँग्रेसका नेता तथा तरुण दलको अध्यक्ष, नेपाली कांग्रेसको १२ औं महाधिवेशनबाट इकाई सभापतिमा निर्वाचित, १३ औं महाधिवेशनबाट क्षेत्रीय सभापति र १४ औ महाधिवेशनबाट क्षेत्रीय सभापति समेत हुनुभयो।

कुनै व्यक्तिलाई काम गर्नका लागि पारिवारिक वातावरण र इच्छा शक्ति चाहिन्छ । जुन इच्छा शक्ति बस्नेतमा धेरै नै छ । त्यो खालको शक्ति र सामर्थ्य कमै व्यक्तिमा पाइन्छ । त्यसैको फलस्वरुप बस्नेत अहिले बाह्रविसे नगरपालिकाको प्रमुखको रूपमा जनताको सेवा गरिरहनु भएको छ । उहाँ यो अवस्थासम्म आइपुग्दा कुनै पनि शक्तिहरूका सामु झुक्नु परेको छैन । यो नगर प्रमुख बस्नेतको प्रमुख विशेषता हो । पारिवार, जीवनसाथी, बुद्धिजिवी, भद्रभलादमी र सम्पूर्ण नगरवासीको सहयोगले नै सफलताको शिखरमा लम्कन उहाँलाई थप टेवा पुगेको छ । उहाँले राजनीतिक जीवनको लामो यात्रामा विभिन्न सामाजिक संघसंस्था र जनप्रतिनिधि गरी विभिन्न निर्वाचनमा भाग लिइसक्नु भएको छ । उहाँले २०७९ को स्थानीय तह निर्वाचनमा प्रतिद्वन्द्वीलाई हराउँदै विजय हासिल गर्नुभयो । जनतामुखी कामले गर्दा नै उहाँलाई पहिलो पटक स्थानीय तहको निर्वाचनमा पनि जित दिलायो ।

नगर प्रमुख बस्नेत निर्वाचित भएसँगै देश र जनताको हितमा काम गर्दै आउनु भएको छ । आम नागरिकबीच सहजै भिज्न सक्ने क्षमताले पनि एक कुशल नेतृत्व, विकास निर्माणको



कार्यमा सदैव अगाडि रहने नेताको रूपमा उहाँ परिचित हुँदै आउनु भएको छ । स्थानीय तहको निर्वाचनमा नेपाली काँग्रेसबाट प्रमुखको उम्मेदवारको टिकट पाउने र टिकट पाएर पनि चुवाव जित्ने कमै नेता छन् । तिनै कम उम्मेदवार र नेता मध्येमा एक हुनुहुन्छ बाह्रविसे नगरपालिकाका नगर प्रमुख बालकृष्ण बस्नेत ।

नगर प्रमुख बस्नेत सिन्धुपाल्चोकको उत्तर पूर्वी क्षेत्रकै एक प्रभावशाली व्यक्ति हुनुहुन्छ । नगर प्रमुख बस्नेतले विकास र समृद्धिका निम्ति महत्वपूर्ण बाटो अवलम्बन गर्दै आइरहनु भएको छ । उक्त क्षेत्रका आम नगरवासीका समस्यालाई बस्नेतले आफ्नै

## आवरण

समस्याका रूपमा लिने गरेको बताउँदै आउनुभएको छ । नगर प्रमुख बस्नेत निर्वाचित भएदेखि एक वर्षे कार्यकालमा बाह्रबिसे नगरवासीहरूका हरेक खालका जीवनस्तर उकास्ने लगायतका विकास निर्माण र जनतासँग प्रत्यक्ष जोडिएका काम गर्दै आउनु भएको छ ।

सिन्धुपाल्चोकमा १२ वटा स्थानीय सरकार छन् । बाह्रबिसे नगरपालिका, चौतारा साँगाचोकगढी नगरपालिका, मेलम्ची नगरपालिका, ईन्द्रावती गाउँपालिका, जुगल गाउँपालिका, त्रिपर



ासुन्दरी गाउँपालिका, पाँचपोखरी थाङपाल गाउँपालिका, बलेफी गाउँपालिका, भोटेकोशी गाउँपालिका, लिसंखुपाखर गाउँपालिका, सुनकोशी गाउँपालिका र हेलम्बु गाउँपालिका रहेका छन् ।

बाह्रविसे सिन्धुपाल्चोकका तीन र मुलुकका २७६ मध्येको एक नगरपालिका हो । पूर्वमा दोलखा जिल्ला पश्चिममा सिन्धुपाल्चोककै जुगल गाउँपालिकासँग सीमा जोडिएको यस नगरको उत्तरमा भोटेकोशी गाउँपालिका र दक्षिणमा त्रिपुरासुन्दरी तथा बलेफी गाउँपालिका पर्दछ । अनेकौं थली थुम्की पहाड र चुचुराहरू रहेको यो नगर हिमाली नगरपालिकाको मापदण्ड अनुसार नगरपालिका भएको हो । नेपाल चीन स्थलगत मार्ग जोडिने अरनिको राजमार्ग र दुवै तर्फ फैलिएको वडाहरूको फेदीमा रहेको भोटेकोशी नदी यसको प्रकृतिक पहिचान हो । विभिन्न कालखण्डका तिब्बतसँग यसको अनेकौं ऐतिहासिक सम्बन्ध जोडिएको छ । नगरपालिकाको भवन रहेको ठाउँ बाह्रविसे बजारको रूपमा पनि परिचित छ । यस बजारमा पूर्ख्यौली नेवार जातीको बाहुल्यता रहेको छ । तर समग्र नगरपालिकाको जनसंख्यामा भने तामाङ्ग जातीको जनसंख्या अघि देखिन्छ । ब्राह्मण, क्षेत्री, तामाङ्ग, शेर्पा, गुरूङ लगायत अनेकौं जातजाती र भाषाभाषीहरू यस नगरपालिकाभित्र बसोबास गर्दछन् । थामी समुदाय यस नगरको आदिवासी लोपोन्मुख अन्तर्गत पर्दछन् । यस नगरपालिकालाई भौगोलिक विविधता, आफ्नै छुट्टै मौलिकताले भरिपूर्ण, ऐतिहासिक धार्मिक स्थल, पवित्र स्थल भोटेकोशी नदीले सुशोभित बनाएको छ ।

बाह्रविसे नगरपालिकाका प्रमुख बस्नेतको यो पहिलो कार्यकाल हो । यस नगरपालिकामा उपप्रमुखका रूपमा मन्जु तामाङ निर्वाचित हुनुभएको हो । प्रमुख प्रशासकीय अधिकृत सुष्मा महत केसी, सूचना अधिकारी तथा प्रशासन प्रमुखमा ज्ञानेन्द्र महत, सूचना प्रविधि अधिकृत विकास पौड्याल तथा सबै जनप्रतिनिधि र प्रशासनका कर्मचारीको सहयोग र हातेमालोले बस्नेतलाई दैनिक हरेक खालका काम, कर्तव्य पूरा गर्न र सुशासनमा ठूलो टेवा पुगेको छ । बस्नेत निर्वाचित हुनुभन्दा एक वर्ष अगाडि बाह्रबिसे नगरपालिकाको विकास निर्माणको स्थिति धैरै हिसाबले कमजोर देखिन्थ्यो । पूर्व मेयर तथा उपमेयरबाट सम्पन्न हुन बाँकी निर्माण योजना र विकास पूर्वधारका कार्यलाई निरन्तरता दिँदै नयाँ कामको थालनी तीव्र गतिमा अगाडि बढेको छ ।

सडक, ढल, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रमा उल्लेखनीय युगान्तकारी परिवर्तन भएका छन् । बाह्रबिसे नगरपालिकाले तयार पारेको आर्थिक वर्ष २०७९/०८० को प्रगति प्रतिवेदन अनुसार आर्थिक विकास तर्फ कुल विनियोजित बजेट ६९ करोड २७ लाख ७७ हजार एक सय ७५ रुपैयाँ ५४ पैसा लक्षित समूह अनुसार ५ करोड ३० लाख ५२ हजार २८७ रुपैयाँ ८३ पैसा भने खर्च भएको छ । विनियोजित बजेटको पूँजीगत तर्फ विनियोजित बजेट २४ करोड २९ लाख ५२ हजार एक सय पचहत्तर रुपैयाँ चौवन्न पैसा र लक्षित समुह अनुसार बजेट तथा खर्च १७ करोड ११लाख ५० हजार सात सय सन्ताउन्न रुपैया एक्काईस पैसा खर्च भएको छ । विनियोजित बजेट शिर्षक चालु तर्फ विनियोजित बजेट ४४ करोड ९८ लाख २५ हजार लक्षित समुह अनुसार बजेट तथा खर्च ३५ करोड ९३ लाख ७२ हजार एक सय दश रुपैया बैसठ्ठी पैसा चालू खर्च रहेको छ ।

योजना तथा पूर्वाधारमा यस नगरपालिका विकाश उन्मुख तर्फ लम्किरहेको देख्न सकिन्छ । कुल योजना मध्ये पूर्वधार तर्फ ३२७ वडा स्तरीय योजना १८४ नगर स्तरीय, १३० लगायतका योजना कार्यान्वयन हुने क्रममा छन् । जसमा ३१० योजनाहरू सम्पन्न भइसकेका छन् । मुख्यतया साना पूर्वाधार योजनाहरू सम्पन्न भई सडक स्तरोन्नति कार्यका निकै काम भएका छन् ।

खानेपानी स्रोतको संरक्षण तथा मर्मत, सामुदायिक विद्यालय भवन निर्माण तथा मर्मत, सामुदायिक भवन तथा पर्यटकीय पूर्वाधार निर्माण स्तरोन्नतिका काम पनि नगर प्रमुख बस्नेतको एक वर्षे समय अवधिमा भएका देख्न सकिन्छ ।

**शिक्षा तर्फ** : नगर प्रमुख बस्नेतले शिक्षा क्षेत्रलाई मुख्य जग बनाएर अगाडि बढ्नु भएको छ । संघीय सशर्त तर्फबाट कुल बजेट १७ करोड ५ लाख विनियोजन गरी शिक्षा सुधार तथा नमुना शिक्षा अवधारणा ल्याउनु भएको छ । १८ वटा कार्यक्रम मध्ये १५ वटा सम्पन्न भइसकेका छन् । कुल खर्च १५ करोड ९९ लाख रहेको छ ।



**शिक्षामा भएका मुख्य उपलब्धीहरू बुँदागत रुपमा** :

» सामुदायिक विद्यालयहरूमा कक्षा १२ सम्म निःशुल्क अध्ययन अध्यापनको प्रबन्ध गरिएको, संघीय तथा नगरपालिकाको साझेदारीमा कक्षा ८ सम्म दिवा खाजा कार्यक्रम सञ्चालन भइ सो कारणबाट बाल पोषणमा सकारात्मक प्रभाव, कक्षा छोड्ने र विद्यालय अनुपस्थित हुने दरमा कमी भएको ।

» सामुदायिक विद्यालयका सबै छात्राहरूको महिनावारी व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण गर्ने व्यास्थापन गरिएको सो कारण छात्राहरूको विद्यालय उपस्थिति दरमा वृद्धि हुँदै गएको छ ।

» विद्यालयमा जङ्क फुड जन्य खाजा न्यूनीकरण गर्दै निषेध गर्ने कार्यका लागि स्थानीय कृषि उपजमा आधारित साप्ताहिक दिवा खाजा मेनु तयार गरी कार्यन्वयन गरिएको ।

» पूर्व प्राथमिक कक्षा सिकाइलाई उच्च व्यवस्थापन गरी बालमैत्री सिकाइको प्रभावकारी कार्यान्वयन गरिएको ।

» विद्यालय नर्स कार्यक्रम सबै माध्यमिक विद्यालयमा विस्तार गर्दै विद्यालयमा स्वास्थ्य तथा सरसफाई कार्यक्रम विस्तार गरिएको ।

» स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गरी स्थानीय परिवेश अनुसारको शिक्षा प्रदान गरिएको ।

» न्यून शिक्षक भएका विद्यालयहरूमा नगरबाट थप शिक्षक व्यवस्थापन गरी विद्यालयको शैक्षिक जनशक्ति आपूर्ति गरिएको ।

» सामुदायिक विद्यालयहरूमा कक्षा १२ सम्म निःशुल्क अध्ययन अध्यापनको प्रबन्ध गरिएको

यस पालिकाले शिक्षालाई निकै महत्वका साथ हेरेको छ । यस नगरपालिकाले आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४ आधारभूत तथा माध्यमिक तथा आधारभूत शिक्षा नियमावली २०७४ प्रकाशन, पञ्च वर्षीय गाउँपालिका शिक्षा योजना वि.स.२०७५/७९ प्रकाशन, गुणस्तरीय शिक्षाको लागि टिच फर नेपाल तथा हेल्प साथी शिक्षकहरूको व्यवस्था, आधारभूत तह स्थानीय पाठ्यक्रम कार्यान्वयनका साथै पाठ्यपुस्तक प्रकाशन गरी लागू गर्न नगर प्रमुख बस्नेतले निकै जोड दिनु भएको छ । विद्यार्थीहरूको सीप र कलालाई सिकाई मेलाको शुरुवात, विद्यालय नर्स कार्यक्रम लागू जस्ता अन्य धेरै कार्य गर्दै हुँदै आएको छ ।

**कृषि तर्फ** : कृषि क्षेत्रमा यस बाह्रबिसे नगरपालिका भित्र उल्लेखनीय सुधार भएका छन् । अखाद्य वस्तुहरूको आयातमा रोक तथा म्याद गुज्रेका वस्तुहरूको नष्ट गर्नेकामलाई तिब्रता दिइएको छ । कृषि तथा पशु सेवा तर्फ कुल बजेट २ करोड ६५ लाख ९० हजार वजेट विनियोजन गरी कृषि कार्यक्रम २६ वटा पशुपालनमा १५ वटा कार्यक्रम नगरप्रमुखले अगाडि सार्नु भएको मध्ये कृषिमा १३ वटा र पशुपालन कार्यक्रममा १५ वटा पूर्णरुपमा उपलब्धिमुलक भएको देखिन्छ ।

प्रमुख बस्नेतले पशुपालनमा १ करोड ३८ लाख र आधुनिक कृषि प्रणाली तर्फ ५२ लाख खर्च गर्नु भएको छ । यस पालिकाले देशमै पहिलो पटक कृषक प्रोत्साहन कार्यक्रम अन्तर्गत हलगोरु पालक कृषकलाई रु ९०० र रु दश हजारका दरले कृषिमा आत्मनिर्भर वानाउनुका साथै कृषकलाई प्रोत्साहन तथा विमा कार्यक्रम ल्याएर कृषकको मुहार हसिलो बनाएको छ । बिउमा आत्मनिर्भरता बनाउनको लागि बिउ विजन वितरण कार्यक्रम तथा कृषि सामाग्री वितरण यस पालिकाले गर्दै आएको छ । हिमाली तथा स्थानीय आलु प्रवर्द्धन उत्पादनमा जोड र विस्तारका लागि वडा स्तरीय व्यवसायी उत्पादन केन्द्र पकेट

## आवरण

विकास कार्यक्रम संचालनमा ल्याइएको छ । नगरप्रमुख बस्नेतले बाख्रा पकेट कार्यक्रम विभिन्न स्थानमा सम्पन्न गरिसक्नु भएको छ । त्यतिमात्र नभएर विश्व बजारमा देखिएको पशुपंक्षी तथा अन्नवालीको घट्दो उत्पादलाई मध्यनजर गर्दै यस पालिकाले पनि कृषिमा निकै जोड र उत्पादनमा विशेष ध्यान दिँदै आएको छ । जसमा रेविज तथा लम्पी स्किन विरुद्ध भ्याक्सिनेसन कार्यक्रम तथा औषधी वितरणमा जोड दिँदै आइएको छ ।

**स्वास्थ्य तर्फ** : नगर प्रमुख बस्नेतले आफ्नो प्रथम कार्यकाल यो पहिलो वर्षमा स्वास्थ्य क्षेत्रमा पनि निकै जोड दिनु भएको छ । स्वास्थ्य क्षेत्रमा नगरप्रमुखले ४ करोड ४२ लाख ७४ हजार वजेट विनियोजन गरी ४ करोड २ लाख खर्च गर्नु भएको छ । ४३ जना स्वस्थ्यकर्मी तथा ५८ जना महिला स्वास्थ्य स्वंयमसेविकालाई बृहत पोषण विशेष सम्बन्धी तालिमको ब्यावस्था, ३९ स्वास्थ्यकर्मीलाई स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सम्बन्धी तालिम, २० जना मतृशिशु स्वास्थ्य स्वयमंसेविकालाई पूर्नताजगी तालिम संचालन, नवजात शिशु , बालरोग व्यवस्थापन तथा स्वास्थ्य सम्बन्धी स्थलगत शिक्षण कार्यक्रम, निःशुल्क औषधी खरिद तथा वितरण, प्रजनन् अर्न्तगत सम्बन्धी शिविर संचालन तथा ११ जना महिलाको पाठेघरको शल्यक्रिया सम्पन्न, कोभिड विरुद्धको खोप कार्यक्रम सम्पन्न, ५१ जना विपन्न नागरिकलाई उपचारको लागि सिफारिस प्रदान, २७ जना क्यान्सर, ८ जना मृगौला, १ जना स्पाइनल इन्जुरी, ४ जना टाउँको विरामी ११ जना मुटु रोगीहरूलाई नगरप्रमुख बस्नेतले उपचार गराउनु भएको छ । ८८ जना महिलाई सुरक्षित सुत्केरी तथा १०५ जना महिलालाई सुरक्षित सुत्केरी गराउन यातायात खर्च वितरण गराउनुका साथै आर्थिक वर्ष २०८०/०८१ बाट निःशुल्क एम्बुलेन्स सेवा संचालन र क्षेत्र नं १ भरीका स्थानीयहरूलाई निःशुल्क शववाहान व्यवस्थापन गराउनु भएको छ ।

महिलाहरूलाई निःशुल्क सेनेटरी प्याड वितरण, स्वास्थ्य चौकिहरूमा बर्थिङ सेन्टरको बिस्तार गरिएको छ । स्वास्थ्य चौकीबाट लामो दूरीमा रहेको टोल बस्ती सामुदायिक स्वास्थ्य ईकाइको स्थापना गरी संचालन गरिएको जनमुखि काम हुँदै आएको छ । स्वास्थ्य संस्थामा प्रसूति सेवा लिने आमाहरूको लागि पोषिलो खानेकुरा वितरण । जुम्ल्याहा बच्चाको आमालाई पोषण खर्च स्वरुप एक मुष्ठ दिने कार्यक्रम र बर्थिङ सेन्टरमा प्रसूति सेवा लिने महिलाहरूलाई नगरपालिकाको तर्फबाट प्रोत्साहन स्वरुप भत्ता उपलब्ध गराउँदै आइएको छ । नगर प्रमुख बस्नेतले महिला तथा बालबालिकाका लागि कुल २३ लाख बजेट बिनियोजन गरी गत वर्ष १६ वटा कार्यक्रम मध्ये १२ वटा कार्यक्रम सम्पन्न गराउनु भएको छ । रु २३ लाख मध्ये १० लाख खर्च गरी अभिभावक विहीन १० जना बालबालिहरूलाई रु २ हजारको दरले समाजिक सुरक्षा भत्ता दिदै आउनु भएको छ । १५ जना अपाङ्गता भएका व्यक्तिहरूलाई कुखरा वितरण गर्नुका साथै अपाङ्गता परिचयपत्र वितरण, लैंगिक समानता तथा सामाजिक समावेशिकरण रणनिति २०७९ कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार निवारण र अनाथ



तथा जोखिमयुक्त बालबालिकाहरूका लागि सामाजिक उत्तरदायित्व पूर्वक काम गर्दै आउनु भएको छ ।

समाजिक विकासका क्षेत्रमा महिला, दलित, आदिवासी, जनजाती, गरिव, विपन्न वर्ग, अपाङ्गता, जेष्ठ नागरिकहरूको क्षमता अभिबृद्धि विकास र आयकार्जनमा सदैवमा कुशल सोचविचार प्रेरितका रुपमा स्थापित हुनुहुन्छ । बस्नेतले स्थानीय तहका स्थानीय वासीहरूको हकहितका लागि विशेष जोड दिँदै आउनु भएको छ । सहज रुपमा जीवन व्यतित गर्नका लागि प्रत्येक वडा गरिबी निवारण तथा शिपमुलक तालिम सञ्चालन गराउँदै आउनु भएको छ । सीपमुलक तालिमका लागि रु ३० लाख रुपैया बजेट विनियोजन गरी रु २९ लाख बराबरको खर्च गरिएको छ । जसमा उद्यमशिलता विकास तालिम ९त्इएभ त्इक्भ्०सञ्चालन, गलैंचा बुनाई तालिम, ढाका बुनाई तालिम, साबुन बनाउने तालिम, सिलाईकटाई तालिम, तरकारी खेती तालिम तथा प्लाष्टिक टनेल प्रविधि तालिम, लघुउद्यमीहरूलाई विभिन्न लघुवित्तमा पहुँचको

**आवरण**

समन्वय र उद्यमीहरूले उत्पादन गरेको वस्तुहरूको बजारीकरण जस्ता अन्य धेरै काममा विशेषजोड दिँदै आउनु भएको छ । नगर क्षेत्रभित्र उत्पादन वृद्धि र रोजगारी सिर्जनाका लागि सम्भावित उत्पादनका पकेट कार्यक्रमा ल्याउनु भएको छ । बाह्रविसे नगरपालिका का वडाहरू ३, ४, ८ र ९ मा दुध पकेट क्षेत्रलाई गाई, भैंसी पालन कार्यक्रम, मासु उत्पादनको लागि राँगा पालनका लागि वडा नं. ५ , ६, ८ र बाखा पालन कार्यत्रम वडाहरू नं. २, ३ र ७ पकेट क्षेत्र, आलु पकेट क्षेत्र वडाहरू नं. १, ८ र ९, चिया कफि, अलैंची, चिराईतो पकेट क्षेत्र वडाहरू नं. १, ४,६, ८ र ९ वडाहरू, भोटेकुकुर संरक्षण तथा प्रवर्द्धनमा वडाहरू १ र २ मा पकेट कार्यक्रम गर्दै आएको छ ।

बाह्रबिसे नगरपालिकाको समस्या, आवश्यकता र प्राथमिकताहरूलाई नगर प्रमुखले दिगो विकास र निराकरण कसरी गर्न सकिन्छ भनि विभिन्न बौद्धिक वर्ग, विज्ञ, प्राविधिक टोली स्थानीय अभिभावक र सर्वसाधारणको रायसुभावलाई मध्यनजर राख्दै आउनु भएको छ । भौगोलिक रुपमा ठाडो भिरालो जमिन संरचना तथा नदी छेउछाउमा धेरै वस्ती रहेका कारण विकास निर्माणका दिगोपनामा देखिएको समस्या हल गर्ने, विपद जन्य प्रकोपको उच्च जोखिममा रहेको कारणले गर्दा कटान एवं पहिरोको समस्या धेरै रहेको, कृषि जन्य क्षेत्र व्यवसायिक लगानीको समस्या, प्राविधिक शिक्षाको लागि प्राविधिक शिक्षालयको आवश्यकता, स्थानीय स्तरमा कृषि तथा पशुजन्य उद्योग स्थापनाको लागि चिस्यान केन्द्र एवमं हाट बजारको स्थापनाको आवश्यकता र कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य तथा रोजगारी लगायत सम्पूर्ण क्षेत्रको विकासका लागि सम्बन्धित लगानी कर्ता तथा बजेट एवं भौतिक पूर्वाधार निर्माणलाई नगर प्रमुख बालकृष्ण बस्नेतले मुख्य प्राथमिकतामा राख्नु भएको छ । अहिले सबै नेता, कार्यकर्ता, शुभचिन्तक एवं मतदाताहरूले एकतावद्ध भएर बाह्रबिसे नगरपालिकालाई विकास र सुशासनका काम गर्न साथ र समर्थन दिइरहेका छन । यस्तै विकास निर्माण, पुनर्निर्माण, शिक्षा र स्वास्थ्य, सुशासन तथा भूवनावटको आधारमा विकास निर्माणलाई जोड दिँदै लैजाने हो भने बाह्रबिसे नगरपालिका पनि नमुना पालिका बन्नेमा कुनै दुईमत नै छैन ।

*-प्रस्तुति : जीवन शर्मा*






निगरानी

# नक्कली भुटानी शरणार्थी प्रकरणदेखि पशुपतिको जलहरीसम्मको मुचुल्का नै शंकास्पद !

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन कोषाध्यक्ष समेत रहेका हालका सदस्यसचिव थापासहित ३ जना विरुद्ध जनही एक करोड १७ लाख १ हजार ७ सय ८१ रुपैयाँ बिगो मागदाबी गरेको छ । एक करोड १७ लाख बिगो दाबी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्व र हालका सदस्य सचिव सहित तीनविरुद्ध एक करोड १७ लाख बिगो दाबी गर्दै पशुपति क्षेत्र विकास कोषको जलहरी काण्डको मुद्दा दायर गरेको छ ।

पशुपति क्षेत्र विकास कोषका तत्कालीन सदस्यसचिव डा. प्रदीप ढकाल र कोषका तत्कालीन कोषाध्यक्ष हालका सदस्यसचिव



डा.मिलनकुमार थापासहित तीनजनाविरुद्ध सार्वजनिक सम्पत्ति हानि-नोक्सानी गरी भ्रष्टाचार गरेको भन्दै अख्तियारले आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो । आयोगले उनीहरूले जलहरी राख्ने क्रममा एक किलो ४९१.७१८ ग्राम सुन हिनामिना गरेको भन्दै त्यसबापतको एक करोड १७ लाख एक हजार सात सय ८१ रुपैयाँ ८५ पैसा भ्रष्टाचार गरेको आरोप लगाएको हो । पशुपतिको शिवलिंग (ज्योर्तिलिंङ) को गर्भगृहलाई पूर्ण रुपले ढाक्ने गरी राखिने सुनको जलहरी निर्माण कार्यको लागि नेपाल राष्ट्र बैंकबाट १०३ केजी ७७३ ग्राम सुन ८० करोड ११ हजारमा खरिद गरिएको थियो । उक्त सुनमा २ केजी ८ सय ९० ग्राम, चादी १ केजी २४९ ग्राम, जिंक १२.७५ ग्रामसमेत गरी १ सय ७ केजी ९२४.७५ ग्राम सुन कायम गरिने उल्लेख गरियो । तर, तोकिएको शर्त र निर्णय बमोजिम सुनको जलहरी बनाइएन । निर्मित जलहरी, जलधारा, नाग, नागमूर्ति, सुनको किलालगायतमा प्रयोग गरिएको सुनको परिमाण ९६ केजी ८२२ ग्राम मात्रै उल्लेख गरियो ।

तत्कालिन समयको मुल्य अनुसार ७ करोड ८६ लाख ४६ हजार रुपैयाँ बराबरको बाकी १० केजी ९ सय ७६ ग्राम सुन सुन रिङ बनाई चढाइएको जिकिर कोषले गऱ्यो । त्यसपछि खोजविन गर्दा रिङ राखिएको भेटिएन ।

### जलहरीको मुचुल्का नै शंकास्पद !

नक्कली भुटानी शरणार्थी प्रकरणदेखि पशुपतिको जलहरीमा भएको भ्रष्टाचार प्रकरणमा यस्तो अनौठो दृश्य संसदमा देखिएको हो । जहाँ सत्तारूढ दलका सांसदले ठूला भ्रष्टाचार काण्डमा कारबाहीको माग गरिरहँदा एमालेका सांसदहरूले आफ्ना पार्टीका नेताहरूलाई अनावश्यक मुछेको भन्दै प्रतिवाद गर्ने मात्र होइन, संसद अवरूद्धसमेत गर्न थालेका छन् ।

**एकपछि अर्को भ्रष्टाचार काण्डमा संलग्नता खुलेपछि एमाले नेताहरू आत्तिएका छन् भने अध्यक्ष केपी शर्मा ओली बेचैन देखिएका छन् ।**

अहिले पनि देशमा ओली सरकारकै पालामा भएका ठूला भ्रष्टाचार काण्डको चर्चा छ । तीमध्ये केही घटनामा अहिले छानबिन पनि चलिरहेको छ । भुटानी शरणार्थी प्रकरणमा ठूला नेतालाई नै पक्राउ गर्ने आँट गरेपछि यतिबेला सरकारको प्रशंसा भइरहेको छ । तर, प्रतिपक्षी दल एमाले नेताहरू भने यस्ता घटनाको अनुसन्धानमा सरकारलाई दबाब दिने भूमिका बिर्सिएर सडकदेखि सदनसम्म बचाउमा उत्रिएका छन् । जलहरी बनाएर बाकी रहेको सुन केही पदाधिकारी र कर्मचारीको मिलेमतोमा गायव पारिएको भन्दै कोषकै केही सदस्यले खोजविन थाले । तर, कोषले त्यसको विवरण नदिएपनि केही सदस्य र त्यसबारे चासो राख्ने व्यक्तिका तर्फबाट अख्तियारमा उजुरी पऱ्यो । यो विषयमा अख्तियारले अनुसन्धान अघि बढाइसकेको थियो ।

महालेखा परीक्षकको कार्यालयले पनि लेखा परीक्षणका

क्रममा जलहरी निर्माणमा अनियमितता भएका विषय समेटेर प्रतिवेदन ल्यायो । 'जलहरी बनाएर बाकी रहेको सो सुनको सम्पूर्ण परिमाण रिङ बनाउने कार्यमा प्रयोग भएको पुष्टि हुने विवरण पेश गरेको छैन ।' महालेखाको प्रतिवेदनमा भनिएको छ । यस्तै जलहरी बनाउने भाडामा पनि अनियमितता भएको पाइयो । पशुपति क्षेत्र बिकास कोष आर्थिक प्रशासन नियमावली २०४५ (नियम ३.४.१.१) अनुसार दाताहरुबाट प्राप्त चन्दा, अनुदान, भेटीलगायतको सम्पूर्ण रकम कोषको केन्द्रीय खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । कोष सञ्चालक परिषदको २०७७ माघ १४ को बैठकले जलहरी निर्माण कार्यको लागि आवश्यक ज्याला दातामार्फत सोझै कालीगढलाई भुक्तानी गर्ने व्यवस्था गरेको देखिन्छ । तर, दाताबाट कति ज्याला आयो भन्ने केही उल्लेख छैन । महालेखाले जलहरी निर्माण कार्यको लागि दाताबाट व्यहोरेको रकमको हिसा रेखांकन गरेको छैन । त्यतिमात्र होइन, सुनको काम तामाका कालीगढलाई जिम्मा दिइयो । पाटक औद्योगिक क्षेत्रको उपेन्द्र बाराही सञ्चालक रहेको रोलिङमिल्समार्फत निर्माण कार्य गराएकोमा मिल्ससँग भएको सम्झौता र संलग्न १३ जना कालीगढलाई भुक्तानी गरेको विवरण पनि कोषले पेश गरेको थिएन । सबै किसिमका आम्दानी र खर्च विवरण कोषबाट लेखांकन हुनुपर्नेमा परिषदले दातामार्फत ज्याला सोझै भुक्तानी गर्ने व्यवस्था उल्लेख गरेकोले दाताबाट प्राप्त नगद र जिन्सि आम्दानी खर्चको लेखांकन नभएकोले जलहरी निर्माण कार्यमा भएको खर्चको यथार्थ अवस्था यकिन हुन नसकेको महालेखाको प्रतिवेदनले औंल्याएको छ । 'सो रकम यकिन गरी कोषको केन्द्रीय खातामा आम्दानी बाधिनु पर्छ । नियमावली अनुसार प्राप्त चन्दा अनुदान भेटीलगायतको सम्पूर्ण रकम कोषको केन्द्रीय खातामा जम्मा गर्ने व्यवस्था गरिनु पर्छ' भनेर महालेखा परीक्षकको कार्यालयले प्रतिवेदनमै भनेको थियो ।

कोषले २०७७ माघ २६ मा राष्ट्र बैंकसँग सुन किन्ने सम्झौता गरेको थियो । कोषका तत्कालीन सदस्य-सचिव ढकाल र तत्कालीन कोषाध्यक्ष (हालका सदस्य सचिव) थापाले सुनको जलहरी निर्माण समितिको संयोजक तथा पशुपति क्षेत्र बिकास कोष संचालक परिषद्का तत्कालीन कोषाध्यक्ष समेतको जिम्मेवारीमा रहेर सुनको ज्ञान नभएका कालीगढमार्फत काम गराएको अभियोगपत्रमा उल्लेख छ ।

» पशुपतिनाथ मन्दिरमा सुनको जलहरी निर्माण गर्दा प्रयोग हुने बहुमुल्य सुन लगायतका धातुहरुको उचित संरक्षणको प्रबन्ध गर्नुपर्ने ।
» सुनको जलहरी बनाउने जस्तो संबेदनशील बिषयमा सम्बन्धित आधिकारिक ज्ञान भएको बिज्ञ व्यक्तिसँग मात्र जलहरी निर्माणको कार्य अगाडि बढाउनुपर्नेमा सो नगरी सुन सम्बन्धी काम गर्न सक्ने सम्बन्धित निकायबाट ईजाजत नलिएको अनधिकृत व्यक्तिमार्फत कालिगढको रुपमा काममा लगाई जलहरी निर्माण कार्यलाई अगाडि बढाई कामको जिम्मेवारी दिएको देखिएको ।

अख्तियारले विशेषमा दायर गरेको मुद्दामा भनिएको छ, 'नेपाल राष्ट्र बैंकबाट खरिद गरिएको सुन १०३ केजी ७७३.१ ग्रामको शुद्ध सुन १०२६१४.० ग्राम देखिन आएको, सुनको जलहरी निर्माणमा प्रयोग भएको सुन, चाँदी, तामासमेत गरी कुल १०६४३२.५ ग्राम सुनको शुद्ध सुन १०००८५.९ ग्राम देखिन आएको र रुद्रगाडेश्वरमा बाँकी रहेको चाँदी, तामासमेत गरी १०३७.५ ग्राम सुनको शुद्धता ९६२.६ ग्राम देखिएको छ ।'

सुनको जलहरीमा प्रयोग भएको चादी, तामासमेत मिसावट गरी हुन आउने १०६,४३२.५ ग्राम सुन र रुद्रगाडेश्वर मा बाँकी रहेको चादी, तामा समेत मिसावट गरी हुन आउने १०३७.५ ग्राम सुन गरी जम्मा तौल १०७,४७०.० ग्राम सुनको शुद्ध सुन १०१,०४८.५ ग्राम मात्र रहेको देखिन आएबाट नेपाल राष्ट्र बैंकबाट खरिद गरिएको १०३,७७३.१ ग्राम सुनको शुद्ध सुन १०२६१४.० ग्रामबाट सुनको जलहरी निर्माणमा प्रयोग भएको सुन तथा निर्माणका क्रममा बाँकी रहेको सुनसमेत गरी शुद्ध सुन १५६५.६ ग्राम परिमाणमा अन्तर परेको भन्दै यो अनियमितता भएको अख्तियारको अभियोगपत्रमा उल्लेख छ ।

जर्तीबापत नेपाल राष्ट्र बैंकले प्रचलनमा ल्याएको जर्ती मापदण्ड अनुसार एक किलो चार सय एकान्नब्बे ग्राम सात सय अठार मिलिग्राम सुन निज प्रतिबादीहरु ढकाल र कुमार थापाले हिनामिना गरेको अख्तियारले जनाएको छ । ढकाल र थापाले २०७७ फागुन ११ गते राती ८ बजे गरिएको मुचुल्का नै संकास्पद रहेको आरोपपत्रमा उल्लेख छ । 'फागुन २० को कोषको निर्णय तथा मुचुल्का बिनै रिङ्ग बनाउने भनी सुन लिई रिङ्ग बनाएको देखिएको हुँदा परिषद्का जिम्मेवार पदाधिकारीहरु

पशुपति क्षेत्र बिकास कोषका तत्कालीन सदस्य सचिब ढकाल र कोषाध्यक्ष (हालका सदस्य सचिव) थापासमेतको निर्देशनमा रिङ जडान गर्ने तथा बाँकी रहेको सुन राख्ने क्रममा बिना मुचुल्का अनाधिकृत रुपमा गरेको भन्ने निजहरुको बयान कागजातसमेतबाट खुलेको छ ।' अख्तियारले भनेको छ । त्यसमा बदनियतपूर्वक रुपले जलहरी निर्माणको क्रममा हानिनोक्सानी भएको भन्दै १ केजी ४ सय ९१ ग्राम ७ सय १८ मिलि ग्राम सुनको मुल्य खरिद गर्दाको मुल्इ अनुसार हुन आउने एक करोड सत्र लाख एक हजार सात सय एकासी रुपैया पचासी पैसालाई बिगो कायम गरिएको हो ।

यो प्रकरणमा सुन अनियमितता गर्न ढकाल र थापाको प्रत्यक्ष भूमिका रहेको पुष्टि भएको र बदनियत गरी हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरेको देखिएकोले अख्तियारको आरोप पत्रमा उल्लेख छ । त्यस्तै कोषका स्टोरकिपर अरुण कुमार श्रेष्ठले कोषको सम्पत्ति संरक्षण गर्ने जिम्मेवार ब्यक्ति रहेकोमा मन्दिरभित्र सुनको जलहरी निर्माणका क्रममा नेपाल राष्ट्र बैंकबाट खरिद गरि एको सुन लगायत सोही कार्यमा अन्य दाताहरुबाट प्राप्त सुन, चाँदी, तामासमेतको अभिलेख गरी पारदर्शी रुपमा दुरुस्त नराखी हिनामिना गर्ने योजनामा संलग्न रहेको अनुसन्धानबाट पुष्टि भएको हो ।

बिना मुचुल्का गैरजिम्मेवारी रुपमा काम गरेको भन्दै श्रेष्ठलार्य कसुरदारको सूचीमा समेटिएको हो । 'कोषले जिम्मा दिएको सम्पति सुरक्षित साथ राख्ने र कोषलाई आवश्यक परेको अबस्थामा दाखिला गराउने गरी जिम्मा लिई कार्यरत रहदै आएको र सुनको जलहरी निर्माणका क्रममा निर्माणस्थलको बिहान तथा दिउँसोको दुबै सिफ्टको कार्यटोलीमा खटिइएको जिम्मेवार ब्यक्तिले मिति आधिकारिक निर्णय, कोषका जिम्मेवार सदस्य तथा कार्यटोलीका सदस्यहरुलाई समेत तत्कालै जानकारी नदिई बिना नापतौल तथा मुचुल्का गैरजिम्मेवारी तवरले थापाले निर्देशन दिदाका कुनै प्रतिवाद नगरी मिलेमतोमा काम गरेको आरोप लगाइएको छ । उनलाईसमेत ढकाल र थापा सरह नै बिगो मागदावी गरिएको हो ।

## ओलीकै दबाबमा रोकिएको थियो अनुसन्धान

पशुपतिको जलहरीमा अनियमितता भएको दुई वर्षअघि नै बाहिर आइसकेको थियो । त्यतिबेला नै अख्तियारले यससम्बन्धि कागजपत्र नियन्त्रणमा लिएर फाष्ट ट्र्याकमा अनुसन्धान अघि बढायो । यसमा संलग्न कर्मचारी मात्र होइन, सुरक्षामा खटिएका सैनिक तथा प्रहरीको समेत त्यतिबेला नै आयोगले बयान लिइसकेको छ । एक वर्षअघि नै अनुसन्धान पूरा भइसकेको छ । तर, आयोगले यो विषयमा न मुद्दा चलाउने निर्णय गरेको छ न त मुल्तबीमा नै राख्न सकेको छ । दबाबकै कारण अनुसन्धान प्रभावित भएको स्रोत बताउँछ । यसमा मुख्य दबाब केपीशर्मा ओलीकै छ । त्यसमा मुद्दा चल्दा आफूमाथि समेत प्रश्न उठ्ने र आफुनिकट व्यक्तिहरू फस्ने भएपछि उनले यसमा चासो राख्दै आएका छन् ।

यो प्रकरणमा ओली जोडिनुका प्रशस्त र स्पष्ट आधार छन् । उनको कार्यकालमा सो काम भएर मात्र होइन, उनकै पहलमा भएको प्रष्ट देखिन्छ । एउटा कम्युनिष्ट नेता भएर पशुपतिमा जलहरी लगाउने सोच उनमा कसरी आयो भनेर पार्टीभित्रै आलोचना पनि भएको थियो । जलहरीको पछाडि अर्कै कारण रहेछ भन्ने कुरा अहिले आएर खुल्न थालेको छ । १२ माघ २०७७ मा ओली संकल्प पूजा गर्न पशुपतिनाथ मन्दिर गएका थिए । त्यही क्रममा उनले पशुपतिको ज्योतिर्लिङगमा सुनको जलहरी राख्नका लागि सरकारले बजेट दिने घोषणा भएको थियो । त्यसमा पशुपति विकास कोषले आफ्नो बजेट थपेर करिब एक अर्ब लगानीमा १ सय ७ किलो सुनसहितको जलहरी बनाउने प्रक्रिया अघि बढायो । त्यसमध्ये ११ किलो सुनको हिसाब नदेखिएपछि महालेखादेखि अख्तियारसम्मले प्रश्न उठाएको छ । त्यसको जवाफ सकैले दिन सकेका छैनन् । त्यतिमात्र होइन त्यसरी ज्योतिर्लिङगमा सुन जडान गलत भएको भन्दै सर्वोच्चमा रिट परेपछि हतार हतार त्यसको सुनुवाई नै नहुँदै ११ फागुन २०७७ मा उद्घाटन गरिएको थियो । अर्कोतिर्फ त्यतिबेला भानुभक्त ढकाल पर्यटनमन्त्री थिए । तत्कालिन मन्त्री ढकाल, पशुपति विकास कोषका तत्कालिन सदस्य सचिव डा.प्रदीप ढकाल, सदस्यसचिव मिलन थापा लगायतको मिलेमतोमा सो अनियमितता भएको प्रष्ट छ । एकातर्फ ओलीकै पहलमा त्यसरी सुन जडान हुनु र अर्कोतर्फ उनकै विश्वासपात्र व्यक्तिहरू प्रत्यक्ष त्यसमा संलग्न हुनुले यो प्रकरणमा ओलीलाई जोड्दा एमाले आत्तिनुले 'चोरको खुट्टा काट्' भन्दा खुट्टा तानेजस्तै भएको छ । अझ अचम्म के छ भने, सो कुरा संसदको रेकर्डबाटै हटाइएको छ । भ्रष्टाचारको कुरा उठाउँदा संसदको रेकर्डबाट हटाउने निर्णयले सार्वभौम संसदकै बेइजत भएको छ ।

**"यो प्रकरणमा देखिएको अर्को डरलाग्दो पक्ष भनेको शीर्ष नेताहरू बीचको मिलापत्र हो ।"**

ठूला भ्रष्टाचारमा शीर्ष नेताहरू बीच राष्ट्रिय सहमति हुन्छ भन्ने

कुरा यसले पुष्टि गरेको छ । गत शनिबार शीर्षनेता बसेर सो भ्रष्टाचार प्रकरणमा ओलीविरूद्ध आरोप लगाउन नमिल्ने भनेर सहमति मात्र गरेनन् प्रधानमन्त्री प्रचण्डलाई सो विषय संसदमा बोल्नसमेत लगाइयो । यसले नेपालको राजनीति कुन स्तरमा भरेको छ भन्ने प्रष्ट पारेको छ । पुराना दलप्रति जनताको बितृष्ण बढिरहेको बेला भएका यी हर्कतले आगामी निर्वाचनमा ती दललाई ठूलो क्षति पुग्ने देखिन्छ । गत वैशाखको उपनिर्वाचनले पनि ठूला दलहरू प्रति जनता कति चिढिएका छन् भने देखाएको छ । तर, उनीहरूको कार्यशैली पटक्कै सुध्रिएको छैन ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा दोस्रो तहसम्मका नेता पत्राउ परेपछि यो विषयमा पनि थप अनुसन्धान नगर्न शीर्ष नेताबीच मिलापत्र भएको चर्चा छ । सो प्रकरणमा ओलीको सचिवालय नै छानबिनमा तानियो भने देउवापत्नी आरजु देउवा लगायतको समेत नाम आयो । त्यसकारण दोस्रो चरणमा अनुसन्धान गर्ने भनेर थप अनुसन्धान रोक्ने सहमति भएको स्रोत बताउँछ । शरणार्थी प्रकरणमै एमालेका शीर्ष नेतादेखि ओलीको सचिवालयसम्म मुछिएपछि उ बदनाम भएको थियो । त्यही बेला पशुपतिको जलहरी प्रकरणमा ओली मुछिएपछि एमाले आत्तिएको छ ।

# फतुवा विजयपुर नगरपालिकाका मेयर यादव भ्रष्टाचारी ठहर

स्थानीय सरोकार । रौतहटको फतुवा विजयपुर नगरपालिकाका मेयर गोपाल राय यादव भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन् । गत मंगलबार विशेष अदालतले लाल बकैया नदीको आन्तरिक आय व्यवस्थापनका विषयमा फैसला गर्दै मेयर यादवलाई कसुरदार ठहर गरेको हो ।



विशेषका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्य खुसीप्रसाद थारूको इजलासले यस्तो आदेश गरेको हो । विशेषका उपरजिस्ट्रार धनबहादुर काकीका अनुसार यादव दोषी ठहर भए पनि यस मुद्दाका अन्य २० जना प्रतिवादीले भने सफाइ पाएका छन् । "एकजना माथि कसुर कायम भयो। अन्यले सफाइ पाउनुभएको छ । दोषीमाथि २४ असोजमा सजाय निर्धारण हुने गरी पेसी तोकिएको छ," काकीले भने । यादव लगातार दोस्रोपटक उक्त नगरपालिकाको मेयर बनेका हुन् । गत स्थानीय तह निर्वाचनमा पनि मेयरमा निर्वाचित भएका यादव भ्रष्टाचारी ठहर भएसँगै पदमुक्त भएका छन् ।

लालबकैया नदीको आन्तरिक आयसम्बन्धी जिल्ला समन्वय समितिको रोहबरको बैठकबाट दुई नगरपालिकाले संयुक्त रूपमा ढुंगा, गिटी र बालुवाको ठेक्का लगाउने र प्राप्त हुन आउने आयलाई बाँडफाँट गर्ने सहमति भएको थियो । विजयपुरलाई ६० र गुजरा नगरपालिकालाई ४० प्रतिशत दिने निर्णय भएको थियो। तर, विजयपुरले ठेक्का रद्द गरेको थियो। आर्थिक वर्ष ०७५/७६ मा मेयर यादवले ठेक्का रद्द गरेका थिए । सो निर्णयले सरकारलाई घाटा भएको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । उक्त उजुरीउपर अनुसन्धान गरी गत वर्ष मुद्दा चलाइएको थियो । अख्तियारले १२ असार ०७९ मा मेयर यादवसहित तत्कालीन उपप्रमुख कान्ति देवी, वडा नं। १, २, ३, ५, ६, ८, ९, १०, ११ का वडाध्यक्ष, केही पूर्ववडा अध्यक्ष लगायतलाई प्रतिवादी बनाएको थियो ।

उक्त मुद्दामा तत्कालीन नगर कार्यपालिका सदस्यहरूका साथै तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सागरकुमार रोका, निमित्त प्रमुख प्रशासकीय अधिकृत गोकुल ढुंगेल र रञ्जना साहसमेत गरी २१ जनालाई मुद्दा चलाइएको थियो । जसमा एक जनाउपर मात्र भ्रष्टाचार ठहर भएको हो । लालबकैयाको ठेक्का प्रचलित ऐन, कानुन तथा नियमविपरीत रद्द भएको ठहर अख्तियारको थियो । ठेक्का रद्द गर्दा विजयपुर र गुजरा दुवैलाई घाटा भएकाले प्रतिवादीहरूबाट असुलउपर गरी क्रमशः ६० र ४० प्रतिशत रकम भराउन अभियोगपत्रमा माग गरिएको थियो ।

# सिम्रौनगढका प्रमुख प्रशासकीयविरुद्ध ६ महिनामै भ्रष्टाचारको दोस्रो मुद्दा दायर

विद्यालय भवन निर्माणमा भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाराको सिम्रौनगढ नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित पाँचजनाविरुद्ध मुद्दा दायर गरेको छ । विद्यालय निर्माण भएको कामभन्दा बढी भुक्तानी दिएको आरोपमा अख्तियारले तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विश्वराज मरासेनी, लेखा अधिकृत सर्मेन्द्रप्रसाद चौधरी तथा भवन निर्माण समितिका अध्यक्ष रामबाबुप्रसाद यादव, सचिव रामाकान्त प्रसाद र कोषाध्यक्ष किरणदेवी यादवविरुद्ध अख्तियारले मुद्दा दायर गरेको हो । मधेश प्रदेश सरकारको अनुदानबाट सञ्चालित योजनाहरूमध्ये नगरपालिकाको वडा नं. ८ कचोर्वास्थित जनता माविको भवन निर्माण कार्यमा अनियमितता भएको अख्तियारको दाबी छ । तत्कालीन प्रमुख प्रशासकीय अधिकृत मरासेनी, लेखा अधिकृत चौधरीले प्राविधिकले तयार गरेको मूल्यांकन र भुक्तानीका लागि स्वीकृत भएको टिप्पणीमा उल्लेख भएभन्दा बढी रकम उपभोक्ता समितिलाई भुक्तानी दिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। निर्माण कार्यमा भए-गरेको परिमाणभन्दा ६ लाख ५८ हजार चार सय ४० रुपैयाँ बढी भुक्तानी दिएर सरकारी रकम हानिनोक्सानी गरेको दाबी अख्तियारको छ ।



भवन निर्माणमा हिनामिना गरेर उनीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर गरेको अभियोग अख्तियारको छ। हिनामिना गरेकै रकमलाई बिगो कायम गरेर अख्तियारले मरासेनी र चौधरीविरुद्ध मुद्दा दायर गरेको छ । त्यस्तै, उपभोक्ता समितिको बैंक खाता सञ्चालन गरेको एवं नगरपालिकासँग भएको सम्झौताबमोजिमको सर्त पालना नगरी, भुक्तानीका लागि स्वीकृत भएभन्दा बढी तथा निर्माण कार्यमा भए गरेको परिमाणभन्दा बढी भुक्तानी दिएको आरोपमा जनता माविको भवन निर्माण समितिका अध्यक्ष रामबाबुप्रसाद यादव, सचिव रामाकान्त प्रसाद र कोषाध्यक्ष किरणदेवी यादवलाई पनि प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ। उनीहरूविरुद्ध पनि संयुक्त रूपमा ६ लाख ५८ हजार चार सय ४० रुपैयाँ बिगो दाबी गरिएको छ ।

नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय मरासेनी र लेखा अधिकृत सर्मेन्द्रप्रसाद चौधरीविरुद्ध अख्तियारले यसअघि गत २२ चैतमा पनि मुद्दा दायर गरेको थियो। अनावश्यक रूपमा सफ्टवेयर खरिद गरी प्रयोग नै नगरी सरकारी सम्पत्ति हिनामिना गरेको आरोपमा अख्तियारले मरासेनी, चौधरी र जिन्सी शाखा प्रमुख सुरेशप्रसाद यादवविरुद्ध अख्तियारले मुद्दा दायर गरेको थियो । एक लाख ९९ हजार आठ सय ९७ रुपैयाँको सफ्टवेयर खरिदमा भ्रष्टाचार भएको ठहर अख्तियारको थियो । यो मुद्दा विशेष अदालतमा विचाराधीन छ। अदालतमा मुद्दा विचाराधीन छँदै मरासेनी र चौधरीमाथि भ्रष्टाचारको नयाँ मुद्दा दायर भएको छ।

### विष्णुपुर गाउँपालिकाका अध्यक्षसहित तीनजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

सप्तरीको विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेशप्रसाद यादवसहित तीनजनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ। सोलारबत्ती जडानलगायतका योजनाको रकम भुक्तानीका क्रममा घुस लिएको आरोपमा अख्तियारले पालिकाका अध्यक्षसहित लेखापाल र एमआइएस अप्रेटरविरुद्ध

मंगलबार भ्रष्टाचार मुद्दा दायर गरेको हो । गत साउन ३१ गते अख्तियारको इटहरी कार्यालयको टोलीले विष्णुपुर गाउँपालिकाका लेखापाल टेकनारायण यादव र एमआइएस अप्रेटर वीरेन्द्रकुमार यादवलाई सेवाग्राहीबाट घुसबापत दुई लाख नगद र तीन लाख रुपैयाँको चेकसहित पक्राउ गरेको थियो । अनुसन्धानका क्रममा यो प्रकरणमा गाउँपालिका अध्यक्षको पनि मिलेमतो देखिएकाले तीनै जनाउपर विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

### सप्तरीको विष्णुपुर गाउँपालिकाका अध्यक्ष यादव अख्तियारको नियन्त्रणमा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेशकुमार यादवलाई नियन्त्रणमा लिएको छ । घुससम्बन्धी विषयमा अनुसन्धानका लागि बुधबार साँझ यादवलाई नियन्त्रणमा लिइएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए । गत ३१ साउनमा गाउँपालिकाका लेखापाल टेकबहादुर यादव र कम्प्युटर अप्रेटर वीरेन्द्र यादव पक्राउ परेका थिए । सोलारसम्बन्धी एक योजनाका लागि घुसको रूपमा दुई लाख नगद र तीन लाख रुपैयाँको चेक लिँदै गर्दा उनीहरूलाई राजविराजस्थित गजेन्द्रचोकबाट आयोगको टोलीले नियन्त्रणमा लिएको थियो । सोही प्रकरणमा सोधपुछ र बयानका लागि पालिका अध्यक्ष यादवलाई नियन्त्रणमा लिइएको थियो ।

### लिखुपिके गाउँपालिकाका प्रशासकीय अधिकृतसहित तीनविरुद्ध भ्रष्टाचार मुद्दा दायर

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोलुखुम्बु जिल्लाको लिखुपिके गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भण्डारीसहित तीनजनाविरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ। आयोगले सो गाउँपालिका-२ को वडा कार्यालय भवन निर्माणका लागि जग्गा खरिद गर्दा अनियमितता गरेको पाइएपछि मुद्दा दायर गरेको जनाएको छ ।

निःशुल्क रूपमा दानपत्रमार्फत प्राप्त भएको जग्गालाई ६ लाख खरिद गरेको देखाएर भ्रष्टाचार गरेको अभियोगमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भण्डारी, तत्कालीन लेखापाल जीवन सुवेदी र तत्कालीन वडा नं २ का तत्कालीन वडाध्यक्ष रमेशकुमार बस्नेतविरुद्ध बिगोबमोजिमको कारबाहीको माग गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरिएको प्रवक्ता भोला दाहालले जानकारी दिए ।







# आफ्नो जिम्मेवारीबाट पन्छिएर सरकारी कर्मचारीहरुले आन्दोलन गर्न मिल्छ र ?

स्थानीय सरोकार । सरकारले बनाएको ऐन, कानून सरकारी कर्मचारी नै मान्दैनन् । उनीहरु आफ्नो जिम्मेवारीबाट पन्छिन खोज्छन् । कार्यालयको सामान चोरेर लैजानु, भ्रष्टाचार गर्नु तथा घुस खानु, सरकारी गाडीको दुरुपयोग गर्नु, कहिल्यै कार्यालय समयमा हाजिर नहुनु सरकारी कर्मचारीहरुको लागि यो नौलो होइन । जनताले तिरेको करबाट सरकारी कर्मचारी तथा शिक्षक, चिकित्सकलगायत तलबभत्ता खान्छन् । तर, बालबालिका पढाउनुको साटो तथा बिरामीको उपचार गर्नुको साटो उनीहरु नै सडक आन्दोलन गर्छन् । हाम्रो देशमा अधिंकाश शिक्षकहरु राजनीतिक पार्टीको झोला बोक्छन् ।




